निर्णय नं. १

२०७७ बैशाख १५ गते सम्मको घोषणा भएको लकडाउनलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने र सो लकडाउन पालन गर्न गराउन सम्बन्धित सबै स्थानीय तह र निकायलाई अनुरोध गर्ने।

निर्णय नं. २

कृषि उत्पादनलाई प्रभाव पर्न नदिन कृषि कार्यसंग सम्बन्धित कृषि उपकरणर औजारको सहज ओसारप्रसार र मल, बिउबिजन, जस्ता सामग्रीलाई सहज ढंगबाट आपूर्ति हुने प्रभावकारी व्यवस्था मिलाउने । बाली लगाउने र उठाउने कामलाई निरन्तरता दिने । यस्तो गर्दा सामाजिक दुरी कायम राख्ने ।

निर्णय नं. ३

संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट संचालन हुने विकास निर्माणकार्यलाई सामाजिक दुरीको मान्यतालाई परिपालना गर्दै संचालन गर्ने गराउने ।

निर्णय नं. ४

राहत वितरण कार्यलाई देहाय बमोजिम गर्न गराउन स्थानीय तहलाई निर्देशन गर्ने निर्णय गरियो।

- क. संघीय सरकारको मापदण्ड अनुसार गर्ने
- ख. स्थानीय तह बाहेक अन्य गैरसरकारी संघ संस्थाहरुबाट राहत वितरण गर्ने कार्यलाई रोक्ने र एकद्वार प्रणालीबाट स्थानीय तहले मात्र गर्ने ।
- ग. राहत प्राप्त गर्नेहरुको तीन पुस्ते विवरण हरेक वडाले सोही दिन वडा कार्यालयमा र स्थानीय तहले भोली पल्ट अनिवार्य रुपमा वेबसाइटमा प्रकाशन गर्ने । सोको जानकारी प्रदेश सरकारलाई समेत इमेल मार्फत गराउने ।

निर्णय नं. ५

विदेशबाट २०७६ चैत्र १ गते पश्चात विदेशबाट फर्किएका व्यक्ति, तिनका परिवार हरुको पहिचान गरी ~~पहिचान गरी~~ RDT लाई व्यापकता दिने र RDT किटको उपलब्धता प्रदेश सरकार मार्फत हुने।

निर्णय नं. ६

पैदल यात्रुको व्यवस्थापन सम्बन्धमा

- क. लकडाउनको अवधिमा बाटोमा अलपत्र परेका र लामो दुरीको यात्रामा हिडेका पैदल यात्रुहरुको स्थानीय तह र स्थानीय प्रशासनसंग समन्वय गरी ब्यबस्थापन गर्ने ।

ख. देशका जुनसुकै स्थानमा रहेका बागमती प्रदेशका नागरिकहरुलाई घर आउन चाहेमा सम्बन्धित स्थानीय तहको समन्वयमा प्रदेश सरकारले गन्तव्यमा पुगेपछि होम क्वारेन्टाइनमा रहने गरी यातायात स्वीकृतीको लागि नेपाल सरकारलाई अनुरोध गर्ने।

**निर्णय नं. ७**

क्वारेन्टाइन र आइसोलेसन वार्डलाई थप व्यवस्थित र प्रभावकारी बनाउने ।

**निर्णय नं. ८**

जिल्ला भित्र रहेका कोरोना डेलिकेटेड एम्बुलेन्सहरु जिल्ला कमाण्डपोष्टको अन्तर्गत राखी संचालन गर्ने र सोको पालना नगर्ने एम्बुलेन्स संचालन वा चालकलाई स्थानीय प्रशासनले प्रचलित कानुन अनुसार कार्वाही गर्ने।

**निर्णय नं. ९**

स्वास्थ्य क्षेत्रको लागि आवश्यक थप जनशक्तिको आंकलन गरी सामाजिक विकास मन्त्रालयले नेपाल सरकारसंग माग गर्ने ।

**निर्णय नं. १०**

प्रदेश/जिल्ला भित्र आउने सवारी साधनलाई डिस्इन्फेक्टेड गरी जिल्ला प्रवेश गर्ने व्यवस्था जिल्ला विपद् व्यवस्थापन समितिले गर्ने ।

**निर्णय नं. ११**

जुवा तास र मदिरा सेवनलाई कानून बमोजिम नियन्त्रण एवं नियमन गर्ने । लकडाउनको मौका छोपी केहि स्थानियहरुले समयको दुरुपयोग गरी जुवा, तास र मदिरा सेवन गरी गाउँलाई नै प्रदुशित गराउनेहरुलाई कानुन बमोजिम नियन्त्रण गरी कार्बाहि प्रकृया अगाडि बढाउने

**निर्णय नं. १२**

प्रदेश भित्र २०७६ चैत्र १ देखि विदेशबाट आई लुकि छिपी बसेका व्यक्तिहरुको पहिचान तथा खोजी कार्यलाई प्रभावकारी बनाई स्वास्थ्य संस्थामा ल्याउने । सो कार्यलाई स्थानीय प्रशासनले सहयोग गर्ने। कोहि ब्यक्ति जबरजस्ती, लुकीछिपी बसेको पाईएमा प्रशासनिक कार्बाहि गरीने ।

निर्णय नं. १३

अत्यावश्यक वस्तुको उत्पादन र वितरण कार्यलाई व्यवस्थित बनाउने कार्य सम्बन्धित व्यावसायीले गर्ने सो कार्य गरेको नपाइएमा आपूर्ति ब्यबस्थालाई सहज बनाउने र यसमा व्यबधान गर्ने वा गर्न खोज्नेलाई स्थानीय प्रशासनले प्रचलित कानून अनुसार कार्वाही गर्ने ।

निर्णय नं. १४

प्रदेश भित्रका nCOVID-19 संग सम्बन्धित क्वारेन्टाइन, आइसोलेशन, अस्पताल, प्रयोगशाला र एम्बुलेन्ससंग सम्बन्धित कर्मचारी र जनशक्तिलाई आवश्यक पर्ने जोखिम भत्ता, वीमा, खाना तथा बसोबास खर्च र उपचार कार्यमा संलग्न माथि उल्लेखित कर्मचारीको उपचार रोकथाम तथा नियन्त्रणको व्यवस्था र सोको कारणबाट निधन भए पाउने क्षतिपुर्ति लगाएतका विषयमा प्रदेश सरकारबाट निर्णय भए बमोजिम हुने ब्यवस्था मिलाउने।

मुख्यमन्त्री